स्थानीय सरकार

# कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(रोजगार सेवा केन्द्र)
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१९६
०१-४४५०३५६

प.सं. : २०८२/०८३
च.नं. :

मिति- २०८२/११/२७

विषय: बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहेको रोजगार कार्यक्रम व्यवस्थापन शाखाको च.नं. ८६, मिति २०८२/११/१४ गतेको पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र सो सम्बन्धी नियमावली २०७५ को व्यवस्था बमोजिम साविकमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्वीकृत निवेदनको ढाँचा अनुरुप बेरोजगार दर्ता तथा सूचीकरणको कार्य हुँदै आएकोमा हाल साविकको निर्देशिका खारेज भई "राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८२" कार्यान्वयनमा रहेकोले उक्त निर्देशिकाको दफा १५ र १७ को प्रयोजनका लागि बेरोजगार दर्ताका लागि रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ बमोजिम आ.व. २०८३/०८४ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित न्यूनतम रोजगार लगायत रोजगार प्रवर्द्धनसँग सम्बन्धित सञ्चालन हुने रोजारमूलक कार्यक्रमहरुमा सहभागी हुनका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन ईच्छुक १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८२ चैत्र ३० गतेभित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैमा जानाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अघिल्लो आ.व. मा सूचीकृत भएका बेरोजगारहरुले समेत आगामी आ.व. २०८३/८४ का लागि पुन: सूचीकृत हुन तोकिएको निवेदन फारम भरी नवीकरण गराउनुहुन अनुरोध छ।

निवेदन दिंदा पेश गर्नुपर्ने कागजातहरु:

१. निवेदक र निजको परिवारको १/१ प्रति नागरिकता/ जन्मदर्ताको प्रतिलिपी १ प्रति
२. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति
३. निवेदकको पासपोर्ट साईजको फोटो १ प्रति
४. बसाइसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपी १ प्रती

.....................
(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

-श्री सबै वडा कार्यालयहरु सूचना प्रचार-प्रसार, आवेदन फारम उपलब्ध तथा संकलन गरिदिनु हुन।